# भूमे साप्ताहिक

वर्ष ४ अङ्क ५ २०७९ माघ ११ बुधबार



### सम्पादकीय

## स्थानीय उत्पादनको प्रवर्द्धन गरौं

पछिल्ला केही वर्षयता सूचना प्रविधिको तीव्र विकाससँगै विदेशी सामानको आयात बढ्दै गइरहेको छ। बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनसँगै एकातिर विदेशी संस्कृति, फेसन पनि भित्रिदै गएको छ भने अर्कोतिर हाम्रो परम्परागत उत्पादनको पुस्तान्तर हराउँदै जान थालेको छ। कुनै बेला घर घरमै चल्ने घरबुना अहिले सीमित घरहरुमा मात्रै भेटिन थालेको छ।

हाम्रो बारीमा उत्पादन हुने तरकारी, खाद्यान्न, फलफूल भेटिन छाडेका छन्। विदेशबाट आउने खाद्यान्न किनेर हामी जिविका चलाउने अवस्थामा पुग्न थालेका छौं। यसले हामी परनिर्भर त बन्न भयौं, सँगसँगै हाम्रा मौलिक सीप, परम्परागत उत्पादन र पहिचान नै हराउँदै जान थालेको छ।

त्यसैले सूचना प्रविधिको विकासले जसरी हाम्रो जीवनशैली फेरिएको छ, त्यसरी नै सूचना प्रविधिको प्रयोग गरी हाम्रा मौलिक सीप र उत्पादनलाई विश्वव्यापी गर्नेतर्फ लागौं। स्थानीय उत्पादनको बजारीकरण गरी आत्मनिर्भर अर्थतन्त्रको विकास पनि गरौं। त्यसका लागि सबैले हातेमालो गर्दै सामूहिक भावनासहित हाम्रो पहिचान, परम्परा, उत्पादन र मौलिक सीपलाई समयानुकूल परिमार्जन गरी संरक्षण एवं प्रवर्द्धन गरौं।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेको झुम्लाबाङमा जेभीएफले दियो झोलमल तालिम



❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका वडा नम्बर ३ का कृषकहरुलाई झोलमल तालिम दिइएको छ। भिलेज फाउण्डेशन (जेभीएफ) ले गत माघ ६ गते शुक्रबार झुम्लाबाङमा कृषकहरुलाई झोलमल तालिम दिएको हो।

तालिममा कसरी कृषि खेतीपाती गर्ने, कस्तो विधिबाट झोलमल बनाउने, कसरी खेतीयोग्य जमिन बनाउने लगायतका विषयमा सहभागीहरुलाई तालिम दिइएको थियो।

त्यस्तै, तालिममा रासायनिक मलले माटोलाई के कति असर गर्छ र कसरी जमिनको उर्वराशक्ति घटाउँछ भन्ने विषयमा तालिम दिइएको जेटिए अनिता रोकाले बताउनु भयो।

तालिममा १८ जना कृषकको उपस्थित रहेको थियो। तालिम लिइसकेपछि कृषकले आफ्नो घरमै झोलमल बनाउन सक्षम भएको बताएका छन्।

## कसरी बनाइन्छ झोलमल ?

झोलमल खेतीयोग्य र क्षमतावान् मल हो। झोलमल आफैले सजिलै बनाउने सकिन्छ। रोकाका अनुसार झोलमल बनाउँदा १७ चिजहरुको आवश्यकता पर्ने गर्दछ।

केतुके, टिम्मुर, बगाइनो, खरानी, बेसार, गाइवस्तुको गोबर, सिस्नो, सयपत्री फूल, बनमारा झार, लसुन, अदुवा, खुर्सानी, बोजो, भैसीको दही, असुरो, निम, मानिस र गाई वस्तुको पिसाब राखेर झोलमल बनाउन सकिने रोकाले बताउनु भयो। झोलमल बनाएको १ महिनापछि प्रयोग गर्न सकिने पनि उहाँले बताउनु भयो।

झोलमल करेसाबारीको लागि उपयुक्त रहेको पनि रोकाले जानकारी दिनुभयो। विरुवामा लागेको किरा समेत नष्ट गर्ने र विषादी किन्न नपर्ने प्रष्ट पार्नुभएको छ।

# अनावृष्टि र अतिवृष्टिले निम्त्याएको अनिकाल

❖ स्मिता मगर



स्मिता मगर

"आज त जमिन पनि झ्वाइऽऽऽ गर्यो होला है, कान्छी!" झरर परेको पानी हेर्दै रमाएकी भाउजु विरमती विकले भन्नुभयो। बैसाखको पहिलो हप्ता चट्याङसहित परेको यो पानी झुम्लावाङमा झन्दै आठ महिनाको अन्तरालपछि परेको थियो। यति लामो समयसम्म परेको खडेरीले गाउँमा गौं—जौं बालीमात्र मारेको थिएन वनजंगल नै खक्रक्क सुकाएको थियो।

गत चैत्र—बैषाख महिनामा नेपाल राज्यभर ठाउँ—ठाउँका वनजंगलमा आगलागी भयो। यसले उता काठमाडौं उपत्यकामा धुँवा र टुवाँलोले गर्दा स्वास फेर्नमा समस्याका साथै आँखा पोलेर खोल्न गाह्रो बनाइराखेको थियो भने यता गाईवस्तु पाल्न डाले घाँस काट्ने झुम्लावाङवासीलाई खर्सुङ्गे कीरा चिलाएर हैरान बनाएको थियो। त्यसमाथि गाइवस्तुलाई हरियो घाँसपातविना कसरी पाल्ने अनि आउँदै गरेको अनिकाललाई कसरी तार्ने भन्ने चिन्ताले उनीहरुलाई गाँजेको थियो।

लामो समयसम्म खडेरी परेपछि पानी बोलाउन चम्माङ् धुरीतिर जाने सोंच बनाएका भलाद्मीहरुलाई यो पानीले रोक्यो। छिमेकी गाउँहरुका भलाद्मीले पानी मागिसकेकाले पानी परेको गाउँलेहरुको थम्माइ रह्यो। पानी परेको अर्को दिनदेखि नै केहीले अलि—अलि उम्रिए पनि नपाकेको गौं बालीमा गाईवस्तु चराए, जोते र मकै रोपे। "मुरी आउने बारीमा दुई—तीन मुथा पनि नआउने भएपछि यो वर्षको गौं बाली गाईवस्तुको चरण बने,' भाउजू जोखी कुमारी थापाले भन्नुभयो, 'खडेरीले गौं त छम्कट्टै भएन त, कान्छी! मकै र गौं प्रमुम खाद्यबाली रहेको झुम्लावाङमा

आलु, जौं, भतमास, भाङ्गो, तोरी, सिमी, कोदो तथा विभिद मसलाहरु उत्पादन गरिन्छ। तर आफ्नो बारीमा उत्पादित यी खाद्यन्यले वर्षभरि पुग्ने परिवार भने औंलामा गन्न सकिने छन्।

सुरु गरेदेखि लगातार पानी परेकोले अलि—अलि उत्पादन भएको गौंलाई पनि राम्ररी स्याहार्ने मौका मिलेन। गौं बाली स्याहार्न यसै पनि अलि धेरै नै जुट्नुपर्ने हुन्छ। यसलाई बारीबाट काटेपछि पारिएको मुथा सुकाउने, थटाउने, उराउने, सुप्पोमा सार्ने, अनि फेरि गेडा सुकाएपछि मात्र घरभित्र स्याहार्न मिल्छ। यी सबै गर्दा घाम लागेन भने भोम्सिने (कालो भएर बालामै उमर्ने) समस्या धेरै हुन्छ जसले गर्दा भएको बाली पनि खान नपाउने अवस्था आइपर्न सक्छ।

यी सबै समस्याले गाँज्ला भनेर हरियै बाली काट्न भदैनीहरु ऋतु, स्वस्तिका र वर्षा लागेका थिए। "बजैले भनेको स्याना—स्याना बाला भए नि टिपेर लग्नपर्छ हैं" नत्र अन्न रोन्छन् स—साना बालालाई टिप्दै वर्षाले आफ्नो दिदीहरुलाई झकझकाएकी थिइन्। झुम्लावाङका कृषकबीच एउटा कथा छः साना भनि बारीमा छोडिएका अन्न रात परेपछि सांरिमा भेला भएर रुदै भन्छन् रे "ठूला अन्नले ठूलै भकारी भर्थे हामी सानाले सानै। थुन नभए फुङ्गो भए नि भथ्र्यौं। हाम्रो गोसालाई हामी पनि पाल्थ्यौं।"

यसरी अन्न नरोउन् भनि गौं बाला काट्न दाङ्लिगा गएकी सेनामई हस्तकला बुढालाई बाली अलि भयो कि त्यतातिर भनेर आमा भगवतीले सोध्दा खितिती हाँस्दै जवाफ दिइन्, "कठैइऽ बरै नाना! न मल न पानीको बाली त भयो, एक मुथा पुराउँन खुरुरु कुद्दै ढिक खुरुरु कद्दै घारी गर्नप¥यो।" कुसमयको बाली न प¥यो, धेरै जसो राम्रो बाली हुने बारीमा पनि यो पटक बिउँ नै नासिने गरि गौं उत्पादन भएन।

हामीले हरियै काटिराखेको गौं काट्न सहयोग गर्न भनि शिरमाया विक आएकी थिइन्। यता दिनभर गौं काटिदिएबापत एक भारी गौं घर लग्न पाउने चलन छ। तर यसपटक गौं बाली कसैकोमा पनि राम्रो नभएकोले काटिदिन्छु भन्दा कसैले मानेन् भन्दै उनले भनिन् ’तिमीहरुको पनि गौं त कत्ति रहेनछ है। टिठ लाग्ने! तिमीहरु नै के खान्छौं।

त्यही समय फैलिएको कोरोनाले माइतमै रोकिएकी बहिनी कृष्णा बुढाले बालामा फल नभई खोस्तामात्र रहेको गौंलाई जरैदेखि उखल्दै थिइन्, ‘हेर्नु त दिदी, यस्तो लाज लाग्ने के बाली भको होला। अब खान्छन् गाई वल्दले।÷ कृष्णाले उखेलिराखेको गौं हेर्दै हातमै नआउने बाली काट्दा खिन्न भएकी स्वस्तिकाले थपिन् ’फुपु, गौं काट्दा त यस्तो होस् मुठा पुग्न अगावै झरप्प फलेको बालाले हात लसक्क भुइतिर तानोस् अनि पो काट्न जाँगर लाग्छ; मजा पनि आउँछ; मन पनि खुशी हुन्छ। गौं काट्दा स्वस्तिकाले भनेझैं मन खुशी बनाउने बाली कान्छा बा लोकबहादुर बुढाको खासिवाङको डल्लेपातामा भएको थियो।

सिंचाइ गरिएकोले उनको बाली अरुको भन्दा धेरै राम्रो भएको थियो। अरुको बिउ नै मासिएको अवस्थामा उहाँको बारीमा ६ मुरी आउनेमा यसपटक ४ मुरी उत्पादन भएको छ। सिंचाई गरे खडेरी पर्दा पनि राम्रै उत्पादन हुनसक्ने उदाहरण यसले देखाउँछ। तर गाउँमा सिँचाइ गर्दा मल माटो मुनी जाने र त्यसले मकै बालीलाई असर गर्ने गहिरो मान्यता रहेको छ। त्यसैले यता खाद्य सुरक्षाका लागि काम गरिरहेका संघ—संस्थाहरुले सिचाईका लागि बनाइदिएको ड्यामहरु पनि सही उपयोग भएका छैनन्।

"हाम्रो समाजमा सिंचाई संस्कृति छैन" भुमे गाउँपालिका उपाध्यक्ष्य मनकुमारी बुढा विष्टले बताइन्। जलवायु परिवर्तनले गर्दा छोटो समय अन्तरकालमा भैराखेको अनावृष्टि र अतिवृष्टिले परम्परागत ज्ञानमा अडेर गरिने कृषिलाई प्रत्यक्ष्य रुपमा असर गरेको छ। साथै कृषिमा त्यत्तिकै अनिश्चितता पनि बढाइदिएको छ। त्यसैले समयानुसार कृषिमा आधुनिक उपायहरु लगाउन जरुरी रहेको बुढा

विष्टको ठम्माई छ। 'तर यो नयाँ संस्कृति बसाल्न समय लाग्ने देखिन्छ।

अहिले भने झुम्लावाङमा वैषाखदेखि नै सावने–भदौरे झरी झै परेको पानीले आलुको बोट मारिसकेको छ। फाल्गुनमा रोपेको आलु वैषाखमा पानी परेपछि उम्रेका थिए। 'आलु फुलेको बेला पानी नपरेको भए फल्ने थियो,' बिरमती भाउजूले भनिन् 'तर सावने झरीझै गरेपछि कहाँ हुन्छ? बोटै कुहिएका छन्। त्यसमाथि मकै बाली पनि त्यति सप्रिएको देखिन्न।

"खै त कान्छी, मकैले पनि ढङ्ग त ठीक देखाएको छैन।" भुमे गाउँपालिका वडा नं ३ का अध्यक्ष्य दिलमान रोकाले भने। मकै रोपेदेखि दर्किएको पानीले मकै नसप्रेकोमात्र नभई मकैमा लाग्ने कीरा समेत लागेको छ। यसैबीच रुकुम पूर्वी जिल्लामा फौजी किरा देखिएकोले स्थानीय कृषकहरुमा थप चिन्ता बढेको छ। गत वर्षझै सलह कीरा पनि आउने हो कि भन्ने अर्को चिन्ता छदैछ। हावा र पानीसँगै आएर मकै बाली नाश गर्ने त हरेक वर्षको व्यथा नै हो। अब यस्तो अवस्थामा अनिकाल लाग्ने नै भयो।



'हाम्रो गाउँमा एक बाली म¥यो भने अनिकाल लाग्छ, दुबै बाली म¥यो भने ठूलो अनिकाल लाग्छ। अब अहिले त लगातार तीन बाली नै मार्ला जस्तो छ।÷ झुम्लावाङ सामुदायिक स्वास्थ्य केन्द्रका इन्चार्ज शिव बुढाले चिन्तित हुँदै भने। वर्षमा दुई बाली हुने झुम्लावाङमा सत्हत्तर सालको मकै पनि अतिवृष्टिले गर्दा एकदमै कम उत्पादन भएको थियो। कारण छेहत्तर सालको माघदेखि सुरु भएको पानी असोजसम्म प¥यो। त्यस लगत्तै अनावृष्टि सुरु भयो। जसले गर्दा मकै पनि भएन गौं पनि भएन। यो वर्ष फेरि अतिवृष्टिले आलु र मकै बाली बिग्रिदै छ। यसले ठूलै अनिकाल लाग्ने सम्भावना देखाउँछ।

हुन त अनिकाल झुम्लावाङ्गेहरुको लागि नौलो होइन। बेला बेलामा भैराख्छ। केही दशकयता हुने क्रम थप बढ्दो छ। वि.सं. २०२८ र ३४ सालमा परेको महाअनिकाल अहिले पनि उनीहरुको मानस्पटलबाट हराएको छैन। त्यतिबेला फाडे र सिस्नो मात्र नभई सिस्नोको जरा खाएर बाँचेका यही छन्। क्वीन्टल खाद्यान्नको लागि कुन्दल धरौटीमा राखेका यही छन्। तुलसीपुरमा सरकारले बाँडेको गौं लिन ५ दिन हिडेका पुस्ता अहिले "हामी दुःख पाउने समयमा जन्मेका रहेछौं" भन्दैछन्। त्यतिबेला गाउँ पञ्चायतले राहत पाएवापत क्याङ्सी, सिमा, मोरावाङ र झुम्लावाङकालाई रत्वामारेदेखि क्वाचिवाङसम्म बाटो खन्न लगाएको थियो। त्यो बाटो अहिलेसम्म धेरै अनिकालको साक्षी बनेको छ।

त्यसपछिका अनगिन्ती अनिकालमा चामल किन्न जहाँ–जहाँ गाडी–बाटो आइपुग्यो त्यही–त्यही झुम्लावाङ्गे पुगे। 'चामल लिन कहाँ–कहाँ पुगिएन,' रामकुमारी थापाले डालसिङ्डे, धावन्ने, दोमइ, रत्वामारे नाम्लो डोको बोकेर पुगेको सम्झदै भनिन्, 'कति मान्छेलाई अनिकाल लागेको होला भनेर विरक्त लाग्थ्यो।' दुई वर्षअघि गाउँ छोएको कच्ची बाटोले भने अहिले खाद्यान्न ढुवानीमा सहज भएको छ । 'अहिले त गाडि घरमै आयो। सजिलो भयो' उनी थप्छिन् 'खाली पैसा हुनुप¥यो।

त्यही रकम जुटाउन वैदेशिक रोजगारीका लागि खाडी मुलका साथै मलेसिया, दक्षिण कोरिया पुगेका आ–आफ्ना परिवारका सदस्यलाई आइएमई गर्न खबर पुगेको छ। रेमिट्यान्सबाट भित्रिने रकम खाद्यान्नमा धेरै खर्च हुने नेपालको तत्थ्यमा झुम्लावाङ्गेहरुको पनि केही योगदान यो

वर्ष पनि अवस्यै हुनेछ। ज—जसका वैदेशिक रोजगारीमा छैनन् उनीहरुले भने ऋण कार्न गाउँ—ठाउँ धाएका छन्। यो वर्ष झन् समस्या अनिकालको मात्र नभई कोरोना महामारीको पनि छ। त्यसमाथि निशेधाज्ञा थपिएको छ। अनि वर्षायाम पनि परेको छ। 'भगवान्ले पनि के गर्या होलान्। काल र अनिकाल सँगै पठाइदिएर,' भाउजू विरमती समय—समयमा सम्झी—सम्झी गुनासो गर्छिन्।

रोग फैलिइराखेको समय निषेधाज्ञा र अनिकालको कारण भोक—भाकै मर्ने बाध्यता आइनपरोस् भनेर गाउँमा अनिकाल पर्नेबारे फाल्गुनमै गाउँपालिकाका अध्यक्ष्य रामसुर बुढासँग वडा अध्यक्ष्य रोकाले कुरा गरेका थिए। 'शहरतिर खाद्यान्यको जोहो गर्न सजिलो हुन्छ तर झुम्लावाङ, क्याङ्सीजस्ता गाउँमा बर्षायाममा बाढीपहिरोले गर्दा खाद्य धुवानी गर्न अवरोधमात्र नभइ महङ्गो पनि पर्छ, उनले भने। त्यसैले झुम्लावाङ भिलेज फाउन्डेसन र झुम्लावाङ ग्रामीण सहकारीको सहकार्यमा केही अत्यावश्यक खाद्यन्य अहिले दाङबाट गाउँमा धुवानी गरिएको छ।

यही सरोकारको विषयमा स्थानीय सरकारले अनिकालले अति जोखिममा रहेकाहरु थप जोखिममा नपरुन भनेर खाद्य संस्थानलाई राहतको लागि चिठी लेखिसकेको गाउँपालिका प्रमुख अधिकृत चन्द्र सिंह श्रेष्ठले बताए। कृषि, वन—जंगल र पर्यटन प्रमुख गाउपालिकाको आयस्रोत बनाउने लक्ष्य लिएको भुमे गाउँपालिकाले पारम्परिक ज्ञानको सम्वर्दन र प्रवर्दन गर्दै आधुनिक रुपमा कृषि गर्ने योजना बनाएको छ । खाबाङ, कात्री र गुनाम गाउँको वर्खे गोठ रहेको मारिङमा पालिकाले कृषि अध्ययन र अनुसन्धानको लागि क्षेत्र छुटयाएर विभिध किसिमका खाद्यबालीको प्रशिक्षण गरिदै छ। यहाँ उत्पादन भएका खाद्यवस्तु अरु स्थानमा सजिलै उत्पादन गर्न सकिने अनुमान गाउँपालिकाको छ। संघीय सरकारको बाँजो बारी नराख्ने नीतिलाई मान्दै स्थानीय सरकारले विशेष युवाहरुलाई कृषितिर तान्न विविध परियोजनाहरुमा अनुदान र सहुलियत पनि दिइराखेको छ।

तर, राम्रो कृषि उत्पादनको लागि 'बल र मल' दुवै चाहिन्छ। फुटलुज माइग्रेसनका कारण (शिक्षा, स्वास्थ्य, र रोजगारीका लागि गाउँघरबाट शहर तथा विदेशतिर हुने आवतजावत) नयाँ पुस्ता नभएपछि गाउँमा कृषि गर्न चाहिने मानवशक्ति छैन अहिले। त्यसैले बाँजो नरहेका बारीहरुमा पनि जति उत्पादन हुन्थ्यो, त्यति भैराखेको छैन। झन् समय—समयमा भैराखेको अनावृष्टि र अतिवृष्टिको कारण हुने खाद्य असुरक्षाले युवाहरुलाई कृषिप्रति निरुत्साहित गर्ने देखिन्छ।

'काम गर्ने तर भोकै मर्ने अवस्था बढ्न थाल्यो', युवा कृषक भिमप्रसाद श्रेष्ठले भने, 'यसरी ६ महिनाको मेहनत खेर गएपछि को कृषितिर तान्निन्छ त।' साउदी अरबमा आठ वर्षजति वैदेशिक रोजगार गरेर फर्केका भिम केही वर्षयता कृषिमा केही गर्न सकिन्छ कि भनेर लागिपरेका छन्। सरकारले लिएको कार्यनीति र कार्यक्रममा सहभागी हुन भरसक प्रयास गर्ने उनलाई यी कार्यक्रममा पनि बेला—बेला चित्त बुझ्दैन। 'हाम्रोजस्तो ठाउँमा चक्लाबन्दी कार्यक्रम लिएर कही हुन्छ त?' उनी प्रश्न गर्छन्, 'तराईको परियोजना कहाँ पहाडमा मिल्छ।' तर पनि कृषिमा निर्भर झुम्लावाङलाई बजारसँग जोड्न र स्मार्ट कृषि गर्न सके कृषि राम्रो आयस्रोतको आधार हुनसक्ने उनको ठहर छ।

भविष्यमा स्थानीय कृषिलाई खाद्य सुरक्षा र आयस्रोतको मुल आधार बनाउने दिगो सपना बुन्दै गर्दा अहिले झुम्लावाङ्गेलाई भने आउँदो गौं बालीमा बिउ के छर्ने भन्ने पिरले गाँजेको छ। मकै बाली पनि मासिने हो कि भन्ने चिन्ता बढ्दैछ। त्यसैले चट्टयाङ पर्दै दरदर दर्केको पानीलाई 'थुइइइइइयाऽऽऽ चिर्को पर्ने सर्गा! कस्तो राम देखा होलाई!' भन्ने आमाको भनाइले कृषकहरुको जलवायु परिवर्तनले ल्याएको अवरोधहरुसँग हाल भैराखेको संघर्षको झल्को दिइराखेको छ।

***२०७८ असारको हिमाल खबरमा प्रकाशित यो सामग्री यहाँ साभार गरिएको छ।***

# सरसफाइका लागि भकारो सुधार कार्यक्रम

❖ बालाराम शेर्पाली



भूमे गाउँपालिकाले सरसफाइ नमुना टोल बनाउन भकारो सुधार कार्यक्रम शुरु गरेको छ। उक्त कार्यक्रममा दुधालु गाई र भैंसी भएका किसानको भकारो सुधार गरिने बताइएको छ।

गाउँपालिकाको बार्षिक कार्यक्रम अनुसार ७२ वटा भकारो सुधार गरिने गाउँपालिकाका पशु सेवा शाखा प्रमुख नारायण ओलीले जानकारी दिनुभयो। ओलीका अनुसार उक्त कार्यक्रम पालिकाका वडा नं. ६,७,८ र ९ मा सञ्चालन गर्न लागिएको छ। भकारो सुधार गर्नका लागि भैंसी पालेको हुनुपर्नेछ।

कार्यक्रम कार्यान्वयनमा गइसकेको भन्दै शाखा प्रमुख ओलीले कार्यक्रम समूहमार्फत् सञ्चालन गरिएको बताउनु भयो। त्यसका लागि पशु सेवामार्फत् ४ ओटा समूह गठन गरिएको पनि जानकारी दिनुभयो।

## किसानका लागि घुम्ती शिविर

यसैबीच भूमे गाउँपालिका पशु सेवा शाखाले घुम्ती शिविरमार्फत् गाउँ गाउँमा पुगेर किसानलाई सेवा प्रदान गरेको छ। शिविरमा पशुपंक्षीको उपचार,स्वास्थ्य परीक्षण लगायत गरिएको थियो। गत मंसिर २२ गते वडा नं. १ देखि शुरु भएको घुम्ती शिविर पालिकाका सबै वडामा सञ्चालन गरिएको पशु सेवा शाखाका प्राविधिक भुपेन्द्र शाहीले बताउनु भयो।

# २६ लाख राजश्व सङ्कलन

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिकामा २६ लाख राजश्व सङ्कलन भएको छ। नयाँ आर्थिक वर्ष शुरु भएयताको ६ महिनामा पालिकामा २५ लाख ७८ हजार ७०९ रुपैयाँ ९४ पैसा सङ्कलन भएको गाउँपालिकाले जनाएको छ।

पालिकाले भूमि कर, घर कर, कृषि पशुपन्छी, परीक्षा शुल्क, प्रशासनिक सेवा शुल्क, व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, व्यवसाय दर्ता र जलस्रोत लगायत करबाट राजश्व सङ्कलन भएको जनाएको छ।

भूमे गाउँपालिकामा नौ वटा वडाहरु रहेका छन्। ती वडाहरुमध्धे वडा नम्बर २ मा सबैभन्दा बढी राजश्व सङ्कलन भएको छ। उक्त वडामा ४ लाख १५ हजार ८८५ रुपयाँ राजश्व सङकलन भएको छ।

त्यस्तै वडा नम्बर १ मा १ लाख ७७ हजार १५२, वडा नम्बर ३ मा १ लाख ६५ हजार ७५८, वडा नम्बर ४ मा ५३ हजार ८६६, वडा नम्बर ५ मा ४९ हजार ७२८ रुपैयाँ राजश्व सङ्कलन भएको छ।

त्यस्तै वडा नम्बर ६ मा १ लाख २ हजार ५६०, वडा नम्बर ७ मा १ लाख ६६ हजार ३१०, वडा नम्बर ८ मा १ लाख ३९ हजार २४४ र वडा नम्बर ९ मा १ लाख ६४ हजार ४६३ रुपैयाँ ५९ पैसा राजश्व सङ्कलन भएको हो।

# सुरक्षाकर्मीलाई तालिम

❖ बालाराम शेर्पाली

भीडभाड नियन्त्रण तथा जोखिमबाट जोगिनेबारे नेपाल प्रहरीको पूर्व तयारी तालिम सञ्चालन गरिएको छ। भूमे गाउँपालिकामा यहीं सोमबारदेखि प्रहरीमाथि आइपर्ने विभिन्न जोखिमबाट कसरी बच्ने भन्नेबारे तालिम सञ्चालन गरिएको हो।

जाँडरक्सी खाएर होहल्ला गर्ने, गाँजा, भाङ, धतुरो खाएर झैंझगडा गर्ने, ठूलो भीडभाडमा हुन सक्ने घटनाहरुमा कसरी बच्ने र त्यसलाई कसरी नियन्त्रण गर्ने भन्ने विषयमा खाबाङ बगरस्थित अस्थायी प्रहरी चौकीमा तालिम सञ्चालन गरिएको प्रहरी नायव उपरीक्षक विनोद डिसीले बताउनु भयो।

विपद्, दुर्घटनाजस्ता घटनाहरुमा प्रहरीको सुरक्षामै खतरामा हुने हुँदा त्यस्ता संकटका बेला आफू बचेर कसरी उद्धार, राहत तथा व्यवस्थापनका काम गर्ने, झडप, हुलदंगामा कसरी भीड नियन्त्रण गर्ने विषयमा सिकाइका साथै त्यस्तो अवस्थामा सुरक्षाकर्मीको सुरक्षा कसरी गर्ने भन्ने बारेमा पूर्वतयारी तालिम शुरु गरिएको डिसीले बताउनु भयो।

जोखिमपूर्ण अवस्थामा पनि मानवअधिकारको हनन् नगरी कसरी भीडभाड नियन्त्रण र जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्नेबारेमा बढी केन्द्रीत गरिएको उहाँको भनाई थियो।

# मौरीसँग रमाएका भागीमान

❖ बालाराम शेर्पाली

जीवनको युवा उमेर विदेशी भूमिका बिताएका भूमे ३ का भागीमान ४४, अहिले आफ्नै गाउँमा मौरी र बंगुर पालन व्यवसायबाट सन्तुष्ट छन्। सेराना जातको मौरी पालेका उनले सिजन अनुसार २० देखि २५ दिनमै मह काढ्छन्।

३७ घार मौरी पालेका उनी विदेशको भन्दा राम्रो कमाइ गाउँमै पाउँदा दङ्ग छन्। वर्षभरिमा ८ पटक मह काढेको भन्दै उनले मौरी पालन व्यवसायबाट मासिक २५ हजारसम्म कमाएको बताए। 'वर्षभरिमा मौरी पालन व्यवसायबाट मात्रै २ देखि ३ लाखसम्म हुने गर्छ,' भागीमान भन्छन्, 'आफ्नै गाउँमा बसेर मौरी पालनबाट मात्रै यत्तिको कमाई भएपछि जिविका चलाउन सकिन्छ।'

२० वर्षअघि रोजगारीका लागि कुवेत, साउदी अरब, कतार र मलेसिया पुगेको भन्दै उनले खाडी मुलुकमा जति पसिना बगाए पनि महिनाको ३० हजार मात्रै कमाइ हुने गरेको बताए। विदेशी भूमिमा चर्को गर्मीमा जति पसिना बगाए पनि मासिक ३० हजारभन्दा बढी कमाइ गर्न सकिएन,' उनले भने, 'पराइ देशमा न कोही आफन्त, न कोही।

पहिले लेकभरिर भैंसीको लस्कर, भकारीभरि अन्न हुने गरेको भन्दै भागीमान देशमा द्वन्द्व शुरु भएपछि दुःखका दिन शुरु भएको बताउँछन्। देशमा द्वन्द्व शुरु भएपछि विदेशीन बाध्य भएको उनको दुखेसो छ। शान्ति प्रक्रिया शुरु भएपछि स्वदेशमै फर्किएर मौरी पालन, बंगुर पालन लगायत कृषि कर्ममा लागेको उनको भनाई छ।

मौरी पालनसँगै चार वर्षयता उनले बङ्गुर पालन पनि शुरु गरेका छन्। शुरुमा एउटा भाले बङ्गुर र दुइटा माउ बङ्गुरबाट व्यवसाय गर्न थालेका उनले अहिले चार वटा माउ पालेका छन्। भाले बङ्गुर भने अहिले पनि एउटा मात्रै छ। बङ्गुर पालनमा पनि राम्रो मेहनत गरेका भागीमानले आम्दानी पनि राम्रै गरेको बताउँछन्। बङ्गुर पालनबाट मासिक २० हजार तलमाथि कमाइ हुने गरेको भागीमानकी पत्नीको भनाई छ। मौरी र बङ्गुर पालन व्यवसायलाई राम्रोसँग सञ्चालन गर्दै आएका भागीमान दम्पत्तिले आम्दानी पनि सन्तुष्ट हुने खालकै रहेको बताउँछन्।

आफ्नै देशमा व्यवसाय गर्ने किसानलाई स्थानीय सरकारले केही आर्थिक सहयोग वा अनुदान दिए व्यवसायलाई झनै बढाउन सहज हुने भागीमानको विश्वास छ। दुःख, कष्ट गरे आफ्नै देशमा राम्रो आम्दानी गर्न सकिने उनको भनाई छ।

# कृषकलाई तालिम

❖ बालाराम शेर्पाली

डिकोस नेपालसँगको साझेदारीमा भूमे गाउँपालिकाले कृषकहरुलाई कृषि खेतीपाती सम्बन्धी दुई दिने तालिम दिएको छ।

तालिममा कृषि खेती, वित्तीय साक्षरता, संस्थामा आबद्ध भएपछि हुने फाइदा, संस्थामा रहेर काम कसरी गर्ने लगायतका विषयमा तालिम दिइएको थियो।

तालिमको मुख्य उद्देश्य जलवायु अनुकूल खेतीबारे जानकारी गराउने, कृषि समूहका सदस्यहरुको क्षमता अभिवृद्धि, महिलाहरुको कार्यबोझ घटाउनुका साथै महिला सशक्तिकरण, बचत, लगानीजस्ता कार्यका बारेमा केन्द्रीत रहेको डिकोस कन्सर्न नेपाल रोल्पाको अधिकृत सुनिता बुढा मगरले बताउनु भयो। तालिममा ३० जना कृषकहरु सहभागी रहेका थिए।

बाल प्रतिभा सुश्मिता श्रेष्ठ



गजल

## सराव

- गोविन्द पुन `गिरीश'

कति गर्छौं लफडा आमा भन्नुहुन्थ्यो
बन छोरा तगडा आमा भन्नुहुन्थ्यो

बुवा सराव पिएर खराब मात्रै गर्ने
घर भयो पिजँडा आमा भन्नुहुन्थ्यो

पूर्बमा टिष्टा थियो, सिमा मिचियो
पश्चिममा काँगडा आमा भन्नुहुन्थ्यो

दुध कतै मिल्दैन, घर-घरमै रक्सी छ
मदिराको अखडा आमा भन्नुहुन्थ्यो

नुन, तेल किन्नलाई दुई रुपियाँ छैन
के ले किन्नु कपडा आमा भन्नुहुन्थ्यो।

*भूमे-९, चुन्वाङ (रुकुम पुर्व)*

## कहिले लाग्ला घाम

- प्रभात गुरुङ

अब कहिले लाग्ला घाम झुपडीमा ।
पुऱ्याउला कसले माम झुपडीमा ॥

बसाउँछ सरकार महल मात्रै,
किन लेख्दैन कोही नाम झुपडीमा ॥

आश राहत र भत्ताको लिँदै लिँदै,
कति बसाउँछ र लाम झुपडीमा ॥

खै के छ सरकारसँग थाहा छैन,
खोलिँदैन बन्द छ खाम झुपडीमा ॥

महलमा मात्रै चर्को भाषण गर्छौं,
नेताको केही छैन काम झुपडीमा ॥

साग सिस्नु खाए पनि कति आनन्द,
छैन र पो दुई चार दाम झुपडीमा ॥

*भूमे-१ लुकुम रुकुमपूर्व*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. बहराइन राज्यले प्रदान गर्ने प्रतिष्ठित इसा पुरस्कारबाट सम्मानित नेपाली चिकित्सक को हुन्?**

**उत्तर : डा. सन्दुक रुइत**

— मानवीय सेवा तथा अन्धोपन निवारणमा उत्कृष्ट योगदान पु-याएबापत वरिष्ठ आँखा रोग विशेषज्ञ डा. रुइत १० लाख डलर (करिब १३ करोड रुपियाँ) राशिको प्रतिष्ठित इसा अवार्डबाट सम्मानित भएका। बहराइनस्थित इसा अवार्ड फर द सर्भिस टु ह्युमानिटी नामक संस्थाले सन् २०२३ जनवरी १७ मा रुइतको नाम छनोट गरी अवार्ड दिने घोषणा गरेको।

— बहराइनका पूर्वराजा सेख इसा विन सलमान अल खालिफाको नाममा सन् २००९ मा स्थापना गरिएको इसा अवार्ड सन् २०१३ देखि प्रदान गर्न थालिएको।

— उत्कृष्ट मानव सेवा गर्ने र मानव जीवन रक्षाका लागि लड्नेलाई यो अवार्ड हरेक दुई वर्षमा प्रदान गरिने ।

— हजारौं मानिसको गुमेको आँखाको ज्योति फर्काएका डा. रुइत तिलगङ्गा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक हुन्। नेपालबाट यो अवार्ड प्राप्त गर्ने उनी पहिलो व्यक्ति हुन्।

— यसअघि रुइत सन् २००६ मा मलेसियाको रोमन म्यागासेसे अवार्ड, सन् २००७ मा अर्डर अफ अस्ट्रेलिया र सन् २०१८ मा पद्मश्री अवार्ड (भारत सरकारबाट प्रदान गरिएको) एवं फिलिपिन्स क्यासिसीलगायत अवार्डबाट सम्मानित भएका।

**२. मुलुकको कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा कति रहेको छ?**

**उत्तर : १४.१ प्रतिशत**

— नेपाल राष्ट्र बैङ्कले सार्वजनिक (सन् २०२३ जनवरीमा) गरेको आर्थिक वर्ष २०७८/७९ मा लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले सो तथ्य प्रस्तुत गरेको। प्रतिवेदनले प्रदेशगत हिसाबले कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी तेस्रो ठूलो योगदानकर्ता बनेको।

— समीक्षा अवधिमा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदरमा समेत केही सुधार आएको देखिएको। आर्थिक वर्ष २०७७/७८ मा सो प्रदेशको आर्थिक वृद्धि ३.९ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ५.४ प्रतिशत रहने अनुमान राष्ट्र बैङ्कको रहेको।

— देशको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा लुम्बिनी प्रदेशको हिस्सा क्रमशः १७.३ प्रतिशत, १५.८ प्रतिशत र १२.५ प्रतिशत रहेको।

— प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ५४.५ प्रतिशत योगदानसहित सेवा क्षेत्र उच्च योगदान गर्ने क्षेत्रका रूपमा रहेको । त्यस्तै कृषि क्षेत्रको ३०.१ र उद्योग क्षेत्रको १५.४ प्रतिशत योगदान रहेको ।

— देशभित्र बैङ्क तथा वित्तीय संस्थाबाट सङ्कलित कुल निक्षेपमा ८.३१ प्रतिशत हिस्सासहित यो प्रदेश निक्षेप सङ्कलनमा दोस्रो ठूलो प्रदेशका रूपमा रहेको ।

**३. प्रतिनिधि सभाको सभामुखमा को निर्वाचित भएका छन् ?**

**उत्तर : देवराज घिमिरे** (२०७९ माघ ५ को प्रतिनिधि सभाको बैठकमा १६७ मतका साथ घिमिरे सभामुख निर्वाचित, उनका प्रतिस्पर्धी नेपाली कांग्रेसकी ईश्वरीदेवी न्यौपानेले १०० मत प्राप्त।)

*(संकलन/प्रस्तुतकर्ताः टंक के.सी.)*

# गोठे मल र भकारो सुधार

गोठे मल गाई भैसीको मलमूत्र, घाँसपातका अवशेष र सोत्तरलाई गोठ नजिकै राखेर तयार गरिने मल हो। नेपालमा उत्पादन र प्रयोग हुने मुख्य प्राङ्गारिक मल हो। गाई भैंसी गोबर, पिसाव, सोत्तर र अन्य घाँसपातका अवशेषलाई मिसाई वा नमिसाई तयार गर्न सकिन्छ। किसानहरुका लागि उपयुक्त र पुरानो पद्धति हो। गोठे मल खेतीपातीका लागि धेरै राम्रो मानिन्छ। गाईभैसीबाट प्राप्त हुने नाइट्रोजनको ८०% मलमूत्रमा हुन्छ। यो खेतीपातीका लागि महत्त्वपूर्ण पोषण तत्व हो। गोठे मलको प्रमुख स्रोत गोबर, पिसाव, सोत्तर भएकोले मलमूत्रलाई संरक्षण गरि मल तयार गर्नुपर्छ। खेतीपातीका लागि गोठेमललाई सदुपयोग गरि उत्पादन लिन सकिन्छ। गोठेमल जुनसुकै बालीका लागि उपयुक्त मानिन्छ। गोठेमललाई खेतबारीमा डोकेउँदा लामो समयसम्म सुकाउनु हुदैन। तत्काल खनजोत गरि माटोमा मिसाउनु पर्छ। किनभने यसमा रहेको पोषण तत्व बिनास हुन्छ।

भकारो सुधार परम्परागत भकारोलाई सुधार गर्ने कार्य हो। भकारो सुधार गर्नु भनेको गाई भैसी बाँध्ने ठाउँबाट पिसाव (मूत्र)लाई चुहेर जान नदिई संरक्षण गर्ने तरिकालाई नै भकारो सुधार भनिन्छ। यसरी भकारो सुधारले गाई भैसीको स्वास्थ्यमा सुधार आउनुका साथै गोबर र गहुत पनि संरक्षण हुने गर्दछ।

अब मूत्र किन बढी महत्वपूर्ण छ त? यो यसकारण महत्वपूर्ण छ कि गोबर मलमा भन्दा दोब्बर नाइट्रोजन मूत्रबाट प्राप्त हुन्छ।यसको महत्व थाहा नभएका कारणले गोबरलाई प्राथमिकता दिई मूत्रलाई वास्ता गर्दैनौ। यदि गाईभैसी बस्ने



गोठमा मूत्र संकलन हुने ठाउँ बनाई राखे वा मूत्रलाई खेर जान नदिन



बस्ने ठाउँमा सोत्तर प्रयोग गरेमा मूत्र खेर जानबाट बचाउन सकिन्छ। यदि हामीहरुले गाई भैंसीहरुलाई १०० प्रतिशत नाइट्रोजन प्राप्त हुने घाँस दाना दियौं भने २० प्रतिशत नाइट्रोजन गाई, भैसीको पोषणमा प्रयोग हुन्छ भने बाँकी ८० प्रतिशत मल, मूत्रबाट बाहिर निस्कन्छ। जसमध्ये २८ प्रतिशत गोबरबाट र ५२ प्रतिशत मूत्रबाट बाहिर आउँछ। यो प्रमाणित हुन्छ कि पिसाबमा बढी नाइट्रोजन पाइन्छ। हामीहरुले यो पिसाब संकलन गरी कम्पोष्ट खाडलमा मिसाएर कम्पोष्ट तयार गर्न सकिन्छ।बोटविरुवालाई राम्रो नाइट्रोजन प्राप्त हुन्छ। त्यसैले बोटविरुवाको लागि मूत्र अति उपयोगी र महत्वपूर्ण छ।

**भकारो सुधार उद्धेश्य**

o गुणस्तरीय मलको उत्पादन तथा प्रयोगमार्फत् प्रांगारिक उत्पादनलाई जोड दिने।

o रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने।

o दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने।

o आरामदायी भकारो निर्माण गर्ने।

o पशुजन्य पदार्थ उत्पादनमा बृद्धि गर्ने।

o सुधारिएको गोठ निर्माण गर्ने ।

२. गहुत संकलन खाडल बनाउने।

३. गहुको भुसा, पराल, स्याउला, सोत्तरजस्ता गहुत सोस्ने खालका सोतरको प्रयोग गोठमा र मल पल्टाउने स्थानमा गर्ने।

४. हिउँदको समयमा राम्रो घाम लाग्ने स्थानमा भकारो बनाउने ता कि पशुले घाम ताप्न सकोस्, जसले गर्दा दुध उत्पादनका लागिका लागि प्रकाशको राम्रो भूमिका हुन्छ।

*प्रस्तुति : नारायण ओली, नायव पशु सेवा प्राविधिक*

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समूहमा आय-आर्जनका लागि अनुदान सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशित : २०७९/०९/२६**

यस भूमे गाउँपालिकाको चालु आ.व २०७९/८० मा सञ्चालित कार्यक्रम बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत महिला सहकारी वा समूहमा अनुदान वितरणका लागि भूमे गाँउपालिका क्षेत्र भित्र रहेका महिला सहकारी वा समूहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपसिलको शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। रीतपूर्वक र तोकिएको समय सीमा भित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**तपसिल :**

**क) प्रस्ताव छनौटको आधार :**

१. स्थानीय तह भित्र रहेका दलित तथा जनजाति समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाइदा पुग्ने सहकारी तथा समूह,
२. सहकारीहरु नभएमा सोही प्रकृतिका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह वा स्वास्थ्य आमा समूह,
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय सञ्चालन गरिने प्रस्ताव,
४. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव,
५. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्य क्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

**ख) प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन**

स्थानीय तहले विपन्न समुदायका सुनौला हजार दिनका घरपरिवार लक्षित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सुरुवाती पूँजी उपलब्ध गराउन देहाय बमोजिम महिला सहकारी वा समूह छनौट गर्ने :

१. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने,
२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सहकारी निकाय: महिला विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नागरिक सचेतना केन्द्र, कृषि विकास, पशु सेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमश: प्राथमिकताका आधारमा छनौट गर्ने। यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत दुई वर्ष देखि क्रियाशिल रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने,
३. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तह तथा वडा कार्यालयमा सूचिकृत भएको हुनुपर्ने,
४. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामूहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउने,
५. यस बुँदा बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिने,

**ग) अनुदान व्यवस्था:**

१. छनौट भएको महिला सहकारी वा समूहका २५ जना सदस्यलाई प्रति सदस्य रु. २५ हजारका दरले हुने एकमुष्ठ रकम रु. ६ लाख २५ हजार अनुदान प्राप्त हुने,
२. छनौट भएको एक सहकारी वा समूहसँग स्थानीय तहले सम्झौता गरी एकमुष्ठ अनुदान उपलब्ध हुने,

*नोट: हालसम्म कुनै संघ संस्थाबाट अनुदान प्राप्त नभएका सहकारी वा समूहलाई प्राथमिकता दिइने छ। साथै थप जानकारीका लागि महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमूख श्री धनिषा पुन मगर सम्पर्क नं ९८६५१२७८८४ मा सम्पर्क गर्नुहोला।*

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

### INVITATION FOR BIDS

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

***Invitation for Bids for the construction work under the below mentioned contract.***

**First Date of Publication: 2079/10/05 B.S (2023/01/20 A.D)**

1. ***Bhume Rural Municipality*** **(BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.**
2. **A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system** **www.bolpatra.gov.np/egp**.
3. **Sealed bids must be submitted though electronically to the office** ***BRMO Khabangbagar, Rukum (East)*** **on or before** *12:00 Noon* **on** *2079/10/22 B.S (2023/02/05 A.D).* **Bids received after this deadline will be rejected automatically.**
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2079/10/22 B.S (2023/02/05 A.D) at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be valid for a period of ***45 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. **All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.**
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )*** **reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.**

**Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch**
**Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. **The Name and identification no of the contracts are as follows.**

| *S.N.* | *Description of Works* | *Contract ID* | *Estimated Amount (with VAT in NRs.)* | *Bid Document Fee (NRs.)* | *Bid Security Amount(NRs.)* |
|---|---|---|---|---|---|
| *1* | *Nakhe-Simkhola Road Upgrading and Maintenanc Work* | *EGP/BRMO/SQ/W-15/2079-80* | 9,39,467.50।-( Nine Lakh Thirty nine thousand four hundred sixty seven rupee and fifty paisa only) | *1,000.00।- (One thousand only)* | *23,500.00।-( Twenty three thousand five hundred only)* |

**For Chief Administrative Officer**



# मि शैन्या रोग रेबिजनी

## क्याङ कैजैर बचिने सोनो अरुलै कैजैर बचैने ?





बौलिओ का,बिरालो,स्याल,न्याउरी विज्या सोनो छुटोओ जंगललु स्याकरी कैने जनावरनी रेबिज रोग सरिय ।



बौलिओ संकालागिओ काअर सोनो छुटोओ जंगललु जनावरय अकैकिनी चानोजअ साबुन, री अथवा चाओ रीए १० मिनेट सम्म चाउस घाउ छेने सोनो वाअस लाइने।



कैने काय १० दिनल असिकिनी ,सैकिनी ,अमाकिनी सोनो मासरेसिने अताकिनी डाक्टरय सल्लाह अयोओलु रेबिज रोगलै सैने खोप लगैने। **सावधान !** बौलिओ काय डइत सोनो आकसैक होकसैक माखा पोक माचाउस अकैकिनी चानोजअ रेबिज सैने खोप लैओ परिय।करौकी माखाजअ रोग लागिने ताओ दुयु।



ङासु का सोनो बिरालुलै घरी घरी रेबिज रोग मालागिने खोप लैव परिय। ङाक सोअ महिना अताक दोस्रोल ९ महिना अताक होकिनी साल साललरेबिज मालागिने खोप लैओ परिय।

**खर्कज मेने माङक रेबिज रोग लागिकिनी वाअस धाने माताय खाली समैयक बिचार पुरैकिनी चाउस बाँचिसी।**

तखेप आरा पनि रङचुके ।



- बौलिओ काय अकैकिनी गरि गरि रेबिज रोगलै सैने खोप लगैने ।
- आछिम सम्म टोवो याजअ खोप लगैर यौने रेबिज खोप पत्ता लागिओ माले ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खाबाङबगर, रुकुम (पूर्व)

# जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व) को अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल